प्रमाणीकरण मितिः-२०७९/०५/२९

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः २० अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको कार्यक्रम संचालन मापदण्ड-२०

# च्याउ उत्पादन अनुदान कार्यक्रम संचालन मापदण्ड- २०७९

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०७९/०५/२९

**प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको अधिकांश क्षेवहरुमा विभिन्न खाद्यन्न तथा नगदे बाली खेति गरिन्छ । खेति प्रणालीहरुमा यस क्षेत्रमा च्याउ खेति पनि गर्ने गरिएको छ । च्याउ खेतिमा विशेष गरि व्यवसायिक कन्ये च्याउ खेति यस क्षेत्रमा खेति गरिने प्रमुख नगदे बाली हो जसका लागी यस क्षेत्रको हावापानी पनि उपयुक्त रहेको छ। च्याउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भाव्यता बोकेको सन्दर्भमा यस भीमफेदी गाउँपालिकाको भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी च्याउ खेती कार्यक्रम मार्फत व्यवसायिक उत्पादन तथा उत्पादकत्व वृद्धि र विस्तार गरी कृषकहरुलाई कन्ये/ पराले च्याउ खेतिमा नगद अनुदान प्रदान गर्नको लागि भीमफेदी गाउँपालिकाबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **"च्याउ उत्पादन अनुदान कार्यक्रम संचालन मापदण्ड-२०७९"** रहेको छ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,.

(क) "स्थानीय तह" भन्नाले भीमफेदी गाउँपालिका सम्झनु पर्छ

(ख) "गाउँपालिका" भन्नाले स्थानीय तह अन्तर्गतको भीमफेदी गाउँपालिका सम्झनु पर्छ।

(ग) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गतको कृषि विकास शाखा सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको च्याउ खेति अनुदान कार्यक्रमसँग सम्बन्धित स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले भीमफेदी गाउँपालिका अन्तर्गत नौ वटा वडा सम्झनुपर्छ ।

(च) "कृषक" भन्नाले यस स्थानिय तहमा स्थायी बसोवास गर्ने कन्ये/ पराले च्याउ खेती गर्ने कृषक सम्झनुपर्छ।

(छ) "च्याउ" भन्नाले "कन्ये/पराले च्याउ" सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषक, कृषक समुह, कृषि सहकारी वा च्याउ उत्पादन हुने क्षेत्रहरुमा कन्ये/ पराले च्याउ खेती तालिम तथा विस्तार साथै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) च्याउको उपभोगस्तर बढाई खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने,

(ग) आर्थिक तथा रोजगारीका साथै जीवनस्तर माथि उकास्न टेवा पुर्‍याउने ।

**४. कार्यक्रम सञ्चालन मापदण्ड सम्बन्धी व्यवस्थाः**

(१) कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको कृषि विकास शाखाले एक आर्थिक वर्षका लागि एक पटक सूचना प्रकाशन गर्नेछ ।

(२) यस, च्याउ उत्त्पादन अनुदान कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले कन्ये च्याउको बल (Ball) को आधारमा अनुदान दिईनेछ । यसरी अनुदान दिदाँ प्रति बल रु.२५ (पच्चिस रुपैया मात्र) नगद अनुदान दिईनेछ ।

(३) अनुदनका लागी कृषकले दफा ५ बमोजिमको आवश्यक कागजात तथा प्रक्रिया पुरा गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(४) कृषकको निवेदन पश्चात सम्बन्धित वडा कार्यालयमा खटिएका कृषि प्राविधिकलाइ सम्पर्क गरी च्याउको टुसा उम्रिने बेलामा च्याउ बलको गणना गराउनु पर्नेछ र सो प्रतिवेदन सम्बन्धीत वडा कार्यालयबाट प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) यसरी अनुदानका लागी प्रति कृषक बढीमा प्रति वर्ष १ पटक, मात्र अनुदानका लागि आवेदन गर्न सक्नेछ ।

(६) च्याउ उत्पादनमा अनुदान कार्यक्रममा आ.व. २०७८/०७९ मा सहभागी भइसकेका कृषकहरु भन्दा नयाँ कृषकहरुलाई प्राथमिकता दिइने छ ।

(७) यस कार्यक्रममा भीमफेदी गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मको स्थायी बासिन्दा भई कन्ये/पराले च्याउ खेती गर्दै आएका कृषकहरुलाई मात्र यस कार्यक्रममा समावेश गरिनेछ ।

(८) यस च्याउ उत्पादन अनुदान कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले कन्ये च्याउको बल (Ball) को आधारमा अनुदान दिईनेछ र प्रति कृषक/ निजि तथा व्यक्तिगत कृषि फर्म /कम्पनीहरुलाई न्युनतम १०० बल र बढीमा २५०० बल सम्म मात्र नगद अनुदान दिईनेछ ।

**५. प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**

दफा ४ को उपदफा (१) अनुसार प्रकाशित सूचना बमोजिम देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ । देहायः-

(क) च्याउ उत्पादन अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन,

(ख) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

(ग) लालपुर्जाको प्रतिलिपी, भाडामा लिएको भएको करारनामा,

(घ) च्याउ खेती गरिएको टनेलको फोटो (बल सहित),

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(च) कृषि प्राविधिकको स्थलगत प्रतिवेदन

(छ) वडा कार्यालयको सर्जिमिन मुचुल्का ।

**६. बाधा अड्काउ फुकाउने अधिकारः-**

यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**७. खारेजी र बचाउः-**

(१) च्याउ उत्पादन अनुदान कार्यक्रम सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाको कार्यालयले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

(२) यस मापदण्ड नेपालको संविधान तथा अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

प्रमाणीकरण मितिः-२०७९/०५/२९

अनुसूची-२

दफा ५ को उपदफा (क) सँग सम्बन्धित)

## च्याउ उत्पादन अनुदान कार्यक्रममा सहभागिता सम्बन्धी निवेदन

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू, मितिः-
भीमफेदी गाउँकार्यपालिकाको कार्यालय,
भीमफेदी, मकवानपुर ।

**विषयः- च्याउ खेती अनुदान कार्यक्रममा सहभागिता हुन पाउँ ।**

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति.................................गते प्रकाशन गरिएको सुचना अनुसार च्याउ खेती अनुदान कार्यक्रममा सहभागिता गराई अनुदान उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरुः-

१ कृषि फर्म सूचिकृत गरी पाउँ भन्ने व्यहोराको निवेदन,
२ नीजि फर्म नवीकरण/कर चुक्ता / स्थायी लेखा नम्बर/प्रमाण पत्रको प्रतिलिपी,
३ निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
४ सम्बन्धित वडा कार्यालयको सिफारिस,
५ कृषि प्राविधिक प्रतिवेदन ।

निवेदक

नाम थरः

ठेगानाः

हस्ताक्षरः

प्रमाणीकरण मितिः-२०७९/०५/२९

## अनुसूची-३

## दफा ५ को उपदफा (च) सँग सम्बन्धित)

## कृषि प्राविधिकको प्रतिवेदन

यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको कृषि प्राविधिकहरुको उपस्थितीमा च्याउ उत्पादन अनुदान कार्यक्रम अन्तगत आवेदन दिनु भएका कृषकहरुको च्याउ खेती गरिएको टनेलको अनुगमन तथा निरीक्षणका क्रममा तपसिलको विवरण उपलब्ध भयो ।

**तपसिल**

कार्यक्रमको नामः च्याउ खेती अनुदान कार्यक्रम

| क्र.सं. | कृषकको नाम थर | ठेगाना | च्याउ खेती गरिएको टनेल संख्या | बल संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रतिवेदक

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत